सूचना नं : २०८२/८३ -०४

सूचना प्रकाशित मिति २०८२-०७-१८

## कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, धादिङको चालु आ.व.०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि,२०८२ बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी वा १६ देखि ४० वर्ष उमेरका युवा कृषकहरुलले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र अर्थात (मिति २०८२/०८/०८ गते भित्र) यस कार्यक्रम कार्यान्वयन एकाइ मा अनुसूची -२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि -३ अनुसारको ढांचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिल

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | कृषि उद्यमी वा १६ देखि ४० वर्ष उमेर समूहभित्रका युवा कृषक | जिल्लाभरि | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम | प्रस्तावको कुल लागतको बढीमा पचास प्रतिशत वा चार लाख रुपैयाँ मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरूप बैंक खातामा भुक्तानी गरिने । |

निवेदन साथ संलग्न कागजातहरु

(१) कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।

(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्ष र प्रशोधन

वरिष्ठ कृषि अधिकृत
रा.प.द्वि(प्रा.)

Scanned with CamScanner

तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौता पत्रको प्रतिलिपि)।

(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यक्रम कार्यान्वयन एकाइ मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व. सम्म करचुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।

(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।

(६) समूह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समूह/सहकारी संस्थाको सिफारिश पत्र।

(७) कृषि विषय अध्यन गरेको भए सोको कागजात खुल्ने प्रमाण पत्रको प्रतिलिपि

(८) वैदेशिक रोजगारी बाट फर्केको भए प्रमाण खुल्ने कागजातहरु

द्रष्टव्य :

कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम कार्यक्रम संचालन हुने बालि/वस्तु तथा मूल्य-शृंखलाका क्षेत्र :

(क) तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण,

(ख) तरकारीको बीउ —बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण,

(ग) दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात,

(घ) च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण,

(ङ) मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारीकरण,

(च) अदुवा, बेसार र मसलाजन्य बालीको प्रशोधन तथा बजारीकरण,

(छ) मौरीपालन व्यवसाय र मह प्रशोधन,

(ज) जौ, फापर, सिलाम, कोदो, चिनो, कागुनो लगायत रैथाने बालीको उत्पादन प्रशोधन तथा बजारीकरण,

(झ) प्रांगारिक, गड्यौली मल वा जैविक मल उत्पादन, प्रशोधन र भण्डारण,

(ञ) बागवानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु - कल्चर प्रविधिबाट बीउ र विरुवा उत्पादन गर्ने व्यवसाय,

(ट) फलफूल प्रशोधन र बजारीकरण,

(ठ) खाद्यान्नको बीउ उत्पादन तथा प्रशोधन,

(ड) ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन, प्रशोधन र भण्डारण,

(ढ) साना तथा मझौला खालका कोल्ड च्याम्बर स्थापना तथा संचालन,

(ण) घाँसबाट हे, साईलेज, तथा हेलेज उत्पादन व्यवसाय ,

(त) प्रांगारिक कृषि वस्तु निर्यात,

(थ) व्यावसायिक पशुपन्छी, मत्स्यपालन, उत्पादन र प्रशोधन,

धन बहादुर ...
वरिष्ठ कृषि अधिकृत
रा.प.द्वि.(प्रा.)

Scanned with CamScanner

(द) जैविक विषादी, प्राङ्गारिक विषादी, बनस्पतिजन्य विषादी उत्पादन, प्रशोधन तथा बजारीकरण,

<u>विस्तृत जानकारीको लागी :</u>

कार्यालयको सम्पर्क नं : ०१०–५२०९०१ /०१०–४०२४५२/९८५१४०१०६१/९८५१२२२५०३ कार्यक्रम मागको सूचना, आवेदन प्रस्ताव फाराम र सम्वन्धित कार्यक्रम संचालन कार्यविधि कार्यालयको वेभसाइट बाट डाउनलोड गर्न सकिने छ ।

रा.प.द्वि(प्रा.)

Scanned with CamScanner